**"पर्यटन, कृषि, पशु र गुणस्तरिय पुर्वाधार,**

**वारागुङ मुक्तिक्षेत्रको पहिचान र समृध्दिको आधार"**

अध्यक्ष महोदय,

१. वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको समृद्धि र विकासको लागि स्थानीय तहको निर्वाचन सम्पन्न भई लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यबस्थाको स्थानीय तहदेखि नै संस्थागत भैसकेको छ । जनताको अभिमतबाट स्थापित यस तहको पाँचौ अधिबेशनमा यस गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरबको महशुश गरेको छु ।

२. नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यबस्थाको स्थापनाका खातिर भएका विभिन्न आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । आन्दोलनका क्रममा बेपत्ता, घाइते, पिडित र उनीहरुका परिवार प्रति उच्च सम्मान व्यक्त गर्दछु । यसै क्रममा लोकतान्त्रिक आन्दोलन मार्फत युगान्तकारी परिवर्तनका लागि भएका राष्ट्रियता र लोकतन्त्रको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको सम्मान सहित स्मरण गर्न चाहन्छु ।

३. स्थानीय सरकारको रुपमा दुई वर्षको अवधि सफल भएको अनुभुति गरेको छु । यो सफलता प्राप्तीका लागि सहयोग गर्ने, सुझाव तथा मार्गदर्शन दिनुहुने, खवरदारी गर्नुहुने सम्पुर्ण जनप्रतिनिधि मित्रहरु, राजनीतिक दल, कर्मचारी, शिक्षक, समाजसेवी, बुद्धिजिवि, साझेदार तथा सहयात्री सम्पुर्ण सरकारी तथा गैरसरकारी संघ-संस्था, पत्रकार तथा सम्पुर्ण बुवाआमा-दाजुभाई तथा दिदिबहिनिहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । आगामी दिनमा पनि सबैबाट थप हौसला, सहयोग तथा खबरदारीको अपेक्षा गरेको छु ।

४. यो नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधानको मर्म र भावना, स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकास लक्ष, चौधौं आवधिक योजना, वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिका तथा गाउँसभा बाट पारित ऐन, नियमावली तथा कार्यविधिहरु, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ तथा प्रचलित कानून र मापदण्ड बमोजिम प्राथमिकता प्राप्त कार्यक्रमलाई मूल आधार मानिएको छ । स्थानीय नागरिकको आधारभुत आवश्यकता र माग नै यो नीति तथा कार्यक्रम निर्माणको जराधार हो । यसै मार्फत स्थानीय जनप्रतिनिधिले देखेका सपना साकार गर्ने मार्ग दर्शनको रुपमा यसलाई लिएको छु ।

५. संघीयताको मर्म अनुरुप स्थानीय सरकारको अधिकारको सफल प्रयोगका सन्दर्भमा विभिन्न क्षेत्रबाट आशंका उत्पन्न भइरहेको अवस्थामा सहमती, सहकार्य र सहभागिताको भावनालाई

आत्मसात गर्दै आर्थिक-सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, पुर्वाधार विकास, वातावरण संरक्षण, आर्थिक अनुशासन तथा सुशासन प्रबर्द्धनका कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राख्दै सभ्य, अनुसाशित, सुन्दर र समुन्नत वारागुङ मुक्तिक्षेत्रको पहिचान स्थापित गर्नु हाम्रो प्रमुख जिम्मेवारी रहेको छ ।

६. नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरुको अभ्यास गर्दै स्थानीय सरकारलाई शसक्त, सक्षम र सवल सरकारको रुपमा विकास गराउनु पर्दछ भन्ने आजको आवश्यकतालाई मध्यनजर गर्दै सोही वाटोमा अगाडी वढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

७. संबैधानिक ब्यबस्था अनुसार नागरिकका आधारभूत मौलिक अधिकारहरु स्थानीय तहको क्षमता अनुसार निरन्तर पूरा गर्दै जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि वारागुङ मुक्तिक्षेत्र गाउँपालिका प्रतिबद्ध रहेको छ ।

८. हाम्रो गाउँपालिका प्राकृतिक सुन्दरता, सांस्कृतिक र धार्मिक सम्पदाले भरपुर छ । यी हामी सबैको साझा सम्पती हुन् । यसको पृथकतालाई कायम राख्दै सांस्कृतिक समानता, सहिष्णुता सहितको सभ्य र सुसंस्कृत गाउँ निर्माण गर्ने गाउँपालिकाको नीति रहेको छ ।

९. परम्परागत संरचनाले भरिएका हाम्रा गाउँहरुलाई कंक्रिटको जंगलको रुपमा विकसित हुन नियन्त्रण गर्ने सोचका साथ परम्परागत वस्तिको वाहुल्यता भएको ताङ्वे गाउँलाई वारागुङको नमुना गाउँको रुपमा लिई परम्परागत वस्ति संरक्षणमा गाउँपालिकाले उपयुक्त नीति लिनेछ ।

१०. सुशासन, बिकास र सम्वृद्धि सहमतिको आधारमा अगाडी बढाउने कुरामा यो गाउँपालिकाको सिंगो परिवार एक रहनेछ । यो प्रतिबद्धतामा सबैको सकारात्मक सहयोगको अपेक्षा गर्दैछौं । कुनै पनि नागरिकलाई काखा र पाखा नगरी सबैको साझा आस्था र विश्वासको केन्द्रको रुपमा स्थानीय सरकारलाई स्थापित गर्न चाहन्छौ ।

११. संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूचिका विषयमा हामी चनाखो भएर स्थानीय स्तर देखि नै यसको नेतृत्वको जग बसाल्ने तथा संबैधानिक अधिकारलाई बुद्धिमत्ता पुर्वक प्रयोग गर्न हामी लागि पर्ने छौं ।

१२. परम्परागत रुपमा रहेको सामाजिक अनुशासनलाई समयानुकुल परिवर्तन गर्दै समाज सुधारको प्रमुख खम्वाको रुपमा टोल सुधार समिति गठन गरी विकास र अनुशासनलाई आवद्ध गर्दै लैजाने प्रयास गर्ने छौं ।

१३. गाउँपालिकाको श्रोत र साधनमाथि सबै गाउँबासीहरुको समान पहुँच तथा समन्यायिक बितरणको ब्यबस्था गर्दै सम्मानित नागरिकको रुपमा जीविकोपार्जन गर्ने अबसर सृजना गर्न तर्फ गाउँपालिकाको नीति निर्देशित रहने छ ।

वारागुङ ... गाउँ ... गण्डकी प्रदेश, नेपाल

१४. राष्ट्रिय अन्तराष्ट्रिय प्रतिवद्धता नेपालको संबैधानिक तथा कानुनी प्रावधान संग अनुकुल हुनेगरी संबैधानिक अधिकारको उपयोग गर्न प्रयाप्त कानुनी तथा संरचनागत सुधार गर्न यस गाउँपालिका परिवार आतुर रहेको छ |

१५. प्रचलित कानुनको अधिनमा रहि सार्वजनिक सेवा प्रदान गर्नु भएका राष्ट्रसेवक कर्मचारी हरुप्रति सम्मान गर्दै उहाँहरुको मनोवललाई उच्च राखि अझ प्रभावकारी ढंगबाट सेवा प्रदान गर्न सम्पुर्ण कर्मचारीहरुलाई उत्प्रेरित हुन अपिल गर्दछु ।

१६. हाम्रा विषयगत कार्यालयहरु र वडा कार्यालयहरुलाई आधुनिक प्रविधीमैत्री कार्यालयको रुपमा विकास गरिंदै लगिनेछ । त्यसको लागि आवश्यक (कम्प्युटर/ल्यापटप, प्रिन्टर/फोटोकपी मेसिन, ईन्टरनेट, व्याकअप आदि) को व्यवस्था गरिनेछ ।

१७. बिकासका साझेदारहरु संग समयानुकुल ब्यबहार गर्दै कम लागतमा नागरिक सन्तुष्टि सहितको सेवा प्रदान गरी गाउँपालिका प्रति नागरिकको बिश्वास बढाउंदै सुशासनको अनुभुति दिलाउन पर्याप्त पहल गरिने छ |

१८. ग्रामिण अर्थतन्त्रलाई उत्पादनमुखी,रोजगारमुलक बनाउदै अन्तर निर्भरतामा आधारित निर्यात तथा आयातको प्रणालीलाई प्रोत्साहनका लागि प्रतिष्पर्धात्मक लाभका क्षेत्रमा स्थानीय सरकार, निजी क्षेत्र र आम नागरिकको संलग्नता बढाइने छ |

१९. गाउँको बिकासमा सहभागी हुने, योगदान गर्ने तथा प्राप्त हुने प्रतिफललाई समन्यायिक रुपमा प्राप्त गर्ने अवसर सबै नागरिकलाई उपलब्ध गराइने छ |

२०. प्रचलित कानुनको अधिनमा रहि सार्वजनिक सेवा प्रदान गर्नु भएका राष्ट्रसेवक कर्मचारी हरुप्रति सम्मान गर्दै उहाँहरुको मनोवललाई उच्च राखि अझ प्रभावकारी ढंगबाट सेवा प्रदान गर्न सम्पुर्ण कर्मचारीहरुलाई उत्प्रेरित हुन अपिल गर्दछु ।

२१. वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न चालु तर्फ बजेट रु. ९७६०००००/- ,पुँजीगत तर्फ सशर्त अनुदानबाट ९००००००र वित्तिय समानिकरण तर्फ रु. ९८०१८०००/- गरी १०७०१८०००/- कुल बजेट जम्मा रु. २०४६१८०००/- बिनियोजन गरिएको छ |

२२. आर्थिक वर्ष २०७६/०७७ का लागि खर्च व्यहोर्ने श्रोत तर्फ आन्तरिक राजश्व रु. २५०००००/-,घर जग्गा रजिष्ट्रेशन शुल्कबाट १०००००/- गरि आन्तरिक राजश्व तर्फ २६०००००/- अघिल्लो आर्थिक वर्षबाट अनुमानित मौज्दात ६००००००/- रहेको छ भने नेपाल सरकारबाट वित्तिय समानिकरण तर्फ ६६३००००००/- नेपाल सरकार राजश्व वाडफाँडबाट ३५००००००/- तथा प्रदेश सरकार वित्तीय हस्तान्तरण तर्फ ११६६३०००/-, प्रदेश सरकार विशेष अनुदान १०००००००/- प्रदेश सरकार राजश्व वाँडफाँडबाट १४५५०००/- गरी कुल बजेट रु. २०४६१८०००/- रहेको छ |

२३. त्यस्तै गरी क्षेत्रगत बिकास तर्फ आर्थिक बिकासमा सामाजिक बिकासमा,पूर्वाधार बिकासमा बातावरण तथा बिपत ब्यबस्थापनमा संस्थागत बिकास सेवा प्रबाह र सुशासनमा र अन्य गरी कुल बिनियोजन गरिएको छ।

**पूर्वाधार नीति**

- हचुवाको भरमा बजेट बिनियोजन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न DPR तयार गरी योजना बैंक मार्फत संघीय प्रदेशस्तरिय गाउँपालिका स्तरीय छुट्टाछुट्टै लगानीमा र गाउँपालिका र प्रदेश तथा संघको साझेदारीमा बिकासका योजना संचालनलाई प्राथमिकता दिने नीति लिइनेछ।
- मर्मतको लागि अति आवश्यक रहेका साना योजनालाई बजेटको ब्यबस्था गरेर मर्मत गर्न लामो समय लाग्ने हुँदा यस्ता योजना समयमै मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको ब्यबस्थालाई निरन्तरता दिइनेछ।
- गाउँ स्तरीय सडकहरूलाई बाह्रैमास संचालनका लागि स्तारोन्नती गरिदै लगिनेछ।
- गाउँपालिकाको छुट्टै भवन नहुँदा कार्य संचालनमा असहजता उत्पन्न भएको हुँदा गाउँपालिकाको लागि आवश्यक भवन निर्माण सुरुवात गरिनेछ।
- पर्यटकलाई आकर्षण गर्न सक्ने पुर्वाधारको निर्माणमा गाउँपालिकाको लगानीलाई केन्द्रित गरिनेछ।
- कृषि, खानेपानी तथा सरसफाई, गरिबी न्युनिकरण, साना सिँचाई, लिफ्ट सिँचाई, थोपा सिँचाई, रोजगारमुलक उद्यमको विकास, वस्तिसम्म सडक विस्तार तथा स्तरोन्नतीकरण लगायत पर्यटन प्रवर्द्धनका कार्यक्रमहरुमा साझेदारी नीति अवलम्वन गर्दै पुर्वाधार विकासलाई जोड दिईनेछ।
- गाउँपालिकाको केन्द्र र वडा कार्यालय जोड्ने सडकहरुलाई नियमित सुचारु हुने व्यवस्था मिलाइने छ।
- गाउँपालिकाभित्र स्वच्छ खानेपानि समस्या समाधान गर्न आवश्यक श्रोतको खोजीलाई तिव्रता दिईनेछ । स्वच्छ खानेपानी मुहानदेखि मुख सम्म अभियानलाई तिव्रताका साथ सञ्चालन गरिनेछ । सो को पुर्तिको लागि गाउँपालिका आँफ्नै श्रोत तथा प्रदेश र संघ सरकारको सहयोगको लागि घच्घचाउन पहल गरिनेछ।
- नागरिकको आवश्यकता, विकासको अवस्था र श्रोतको उपलब्धता बिच तादाम्यता कायम गर्न आवधिक योजनाको निर्माण गरिनेछ।
- जनसहभागिता जुट्ने योजनालाइ प्राथमिकतामा राखि बजेट विनियोजन गरिनेछ।
- कृषि उत्पादनमा वृद्धि गर्न सिंचाई नहर तथा कूलाहरु र टंकीहरुको निर्माण गरिनेछ।
- लोकमार्ग निर्माण कार्यलाई तिव्रता दिनका लागि आवश्यक पहल तथा खवरदारी गरिनेछ।

गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङ, नेपाल

- गाउँपालिकाको केन्द्रको रुपमा रहेको कागवेनी वजारलाई सुरक्षित गर्नको लागि कागखोलाको दुवै तर्फ रिटेनिङ वालको निर्माणको लागि प्रदेश सरकार संग साझेदारी गरि उक्त कामको सुरुवात यसै वर्ष देखि गरिनेछ ।

**आन्तरिक आय वृद्धिकर/राजश्व परिचालन सम्बन्धि नीति**

- कर तिर्न सक्ने क्षमतामा वृद्धि गर्दै आम नागरिकलाई कर दायरामा ल्याउनको लागि कर दर भन्दा पनि दायरामा वृद्धि गर्ने नीति लिइनेछ ।
- टेलिफोनको टावर तथा होर्डिंग बोर्डमा कर लगाइने छ ।
- एकीकृत सम्पति कर लगाउनको लागि आवस्यक तयारी गरी एकीकृत सम्पति कर अनिवार्य गर्न आवश्यक पूर्वाधार तथा जनशक्तिको बिकास गरिने छ |
- राजश्व प्रशासन शाखालाई थप सुदृढ गर्दै प्रत्येक वडा कार्यालयबाट कर संकलन गर्ने व्यवस्थालाई प्रभावकारी साथ लागु गरिने छ |
- कर तिर्नुपर्छ भन्ने भावनाको विकासको लागि कर योग्य आम्दानीमा मात्र कर लगाउने नीति लिईनेछ ।
- अधिकतम क्षेत्रमा न्यून कर नीतिलाई जोड दिईनेछ ।

**वन बातावरण/जन स्वास्थ्य र सरसफाई नीति**

- सफा सौन्दर्ययुक्त हराभरा वारागुङ पटक पटक घुम्न जाउँ भन्ने नाराका साथ नियमित अभियानको रुपमा सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- कवुलियति वनको माध्यमवाट यहाँका खेतियोग्य जमिनमा फलफुल खेति प्रणालीलाई प्रोत्साहन दिदै उर्जाशिल श्रम र उत्पादनशिल जमिनको माध्यमवाट जनताको आय तथा कृषि क्षेत्रको उत्पादनमा वढोत्तरी गर्न आवश्यक पहल गरिनेछ ।
- एक नागरिक न्युनतम एक रुख रोप्ने कार्यक्रमलाई यसै आर्थिक वर्ष देखि सुरुवात गरिनेछ साथै आगामी वर्षदेखि यस कार्यक्रमको निरन्तरताको लागि आवश्यक अनुगमन तथा वजेटको व्यवस्था गरिनेछ ।
- शुन्य फोहोर विसर्जन केन्द्रको अवधारणा अनुसार घर,घरबाट नै फोहोरलाई बर्गिकरण गरिने र ब्यबस्थापन गरिने छ ।
- कालीगण्डकी, नर्सिङ खोला, कागखोला, तिरी खोला, पाण्डाखोलालाई आधुनिक प्रविधि अपनाई बहुउपयोग र संरक्षण गरिनेछ ।
- ढल निर्माण गरिएका गाउँहरुको ढल तथा विभिन्न स्थानका नालालाई प्रसोधन गर्ने व्यबस्थाको सुरुवात गरिने छ ।
- यस गाउँपालिका भित्र विषादी, प्लास्टिकजन्य र शिशाजन्य फोहोरलाई निरुत्साहित गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र अस्पताल निर्माणको लागि प्रदेश र केन्द्र सरकार संग आवश्यक पहल गरिने छ।
- वातावरण संरक्षणको लागि अन्नपूर्ण संरक्षण क्षेत्रसंगको सहकार्यमा एउटा ग्रामिण उद्यानको कार्यक्रम सफल गर्न आवश्यक कार्य अगाडी बढाइने छ|
- विधमान स्वास्थ्य संस्थाको स्तरोन्नती र बिस्तार गर्दै आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच कायम गरिने छ।
- एक गाउँ एक पोखरी निर्माण गरी पानीको बहुउपयोगको ब्यवस्था मिलाईनेछ ।

- वार्ड नम्वर ५ को फलेक गाउँ तथा वार्ड नम्वर १ को रानीपौवा गाउँमा सामुदायिक स्वास्थ्य इकाई स्थापनाको लागि आवश्यक रकम विनियोजन गरिनेछ।
- यस गाउँपालिका भित्रका जडीबुटीहरुको ब्यबसायिक उपयोगको लागि गाउँपालिकाले आवश्यक पहल गर्नेछ|

**घरेलु उद्योग/उद्योग ब्यबस्थापन नीति**

- उद्यमी र ब्यबसायीहरुलाई आफ्नो ब्यबसाय संचालन गर्न उपयुक्त वातावरण निर्माण गरिने छ।
- स्थानीय श्रोत, साधन, सिप र प्रविधिमा आधारित उद्योगहरुलाई प्रोत्साहन गर्ने ब्यबस्था मिलाइनेछ।
- स्थानीय स्तरमा प्रतिस्पर्धात्मक लाभको रुपमा रहेका क्षेत्रसंग सम्बन्धित उद्योग ब्यबसाय स्थापनाको लागि आवश्यक सहयोग गरिने छ।(जस्तै आलु उत्पादन, स्याउ उत्पादन, च्यांग्रा याक, चौरी पालन आदि।)
- एक स्थानीय तह एक उद्योग ग्राम स्थापनाको लागि पहल गरिनेछ।

**सुशासन तथा संस्थागत विकासः**

- सार्वजनिक सेवालाइ उत्तरदायी पारदर्शी र सरलिकृत बनाईनेछ। वालमैत्रि स्थानीय शासनमा जोड दिनुका साथै सेवाप्रवाहमा बालवालिका, जेष्ठ नागरिक, पिछडिएको समुदाय तथा फरक क्षमता भएका व्यक्तिहरुलाई विशेष ग्राह्यता दिइनेछ।
- सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविधिको अवलम्वनलाइ संस्थागत गरिनेछ।
- सामाजिक सुरक्षा भत्तालाई पुर्णरुपमा बैङ्किङ प्रणालिबाट वितरणको व्यवस्था मिलाईनेछ।

- सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा नागरिक सन्तुष्टी सर्भेक्षणलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।
- स्थानीय सरकारले कुनै पनि तह तथा कुनै स्वरुपको भ्रष्टाचारलाई सहदैन । भ्रष्टाचार जन्य क्रियाकलाप प्रति शुन्य सहनशिलताको अवधारणा मार्फत सुशासनको प्रत्याभुति गरिनेछ।
- आम जनताको सुचनामा पहुँच स्थापित गर्न गाउँपालिकाको मोवाईल एप्सको निर्माणको गरिसकिएकोले यसको प्रभावकारी उपयोगको लागि पहल गरिनेछ ।
- निर्वाचित जनप्रतिनिधि, सेवाप्रदायक कर्मचारी तथा नागरिकको क्षमता अभिबृद्धि सम्बन्धि अभिमुखिकरणलाई निरन्तरता दिईनेछ । जसअन्तर्गत जनप्रतिनिधि तथा कर्मचारीका लागि आधारभुत कम्प्युटर तथा अङ्ग्रेजी भाषा र दक्षता अभिबृद्धि सम्बन्धि अभिमुखिकरण तालिम संचालन गरिनेछ ।
- बालमैत्री वडा घोषणा तथा गाउँपालिकालाइ बालमैत्री बनाउन पहल गरिनेछ ।
- गाउँपालिकाका प्रत्येक वार्डमा २४ घण्टा विद्युत आपुर्तिको लागि सोलार प्यानलको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडा कार्यालयमा ईन्टरनेट सेवाको विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

**सामाजिक विकासः**

- "जन-जनमा स्वास्थ्यको पहुँच हाम्रो अभियान" स्वस्थ शरीरको लागि स्वस्थ जीवनशैली र स्वच्छ खानपान लाई जीवनको अभिन्न अंग बनाईनेछ । त्यसको लागि समुदायमा आधारित योग शिविर, स्नेहन र स्वेदन जस्ता पंचकर्मका कार्यक्रम, नवजात शिशु र आमाको स्वास्थ्य प्रवर्धनको लागि मातृशिशु पोषण कार्यक्रम, जेष्ठ नागरिकको स्वास्थ्य जगेर्ना को लागि विशेष कार्यक्रम संचालनगरिनेछ ।
- नियमित खोप, वर्थिङ सेन्टर व्यवस्थापन, परिवार नियोजन, एकिकृत बालरोग व्यवस्थापन, आकस्मिक स्वास्थ्य शिविरको व्यवस्थापन, महिला स्वास्थ्य स्वयं सेविका उत्प्रेरणा, आपूर्ति व्यवस्थापन, रेकर्ड रिपोर्टिङ लगायतका कार्यक्रम गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधारका कार्यक्रम संचालन गरिनेछ । स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारद्वारा निशुल्क वितरणका लागि घोषणा गरिएका औषधिको आवश्यकता अनुसार उपलब्ध गराइनेछ, पुर्ण खोप निरन्तरता, जिरो होम डेलिभरीको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन तथा क्षमताविकासका तालिम सञ्चालन गरिनेछ ।

- एक घर एक धारा कार्यक्रम मार्फत खानेपानी उपलब्ध गराउने कार्यक्रमलाई प्राथमिकतामा साथ संचालन गरिनेछ ।
- शिक्षण संस्थालाइ बालमैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री, समतामूलक र लैङ्गिकमैत्री बनाइनेछ । नमुना विद्यालयको अवधारणा अनुरुप शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु संचालन गरिनेछ । सामुदायिक E-Library स्थापना तथा संचालनमा ल्याइनेछ ।
- जीवनमा शिक्षाको औपचारिक सुरुवातको रुपमा रहने वालशिक्षालाई रोचक, ज्ञानबर्द्धक र नमुना बनाईनेछ ।
- गरिव तथा विपन्न विद्यार्थीहरुलाई शैक्षिक सामाग्रीको व्यवस्था तथा छात्रबृत्तिको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयमा वालमैत्री फर्निचर तथा खेलकुद सामाग्रीको व्यवस्था गरि वालबालिकालाई विद्यालय जाने वानीको विकास गर्दै लगिनेछ ।
- वाल विकास केन्द्रमा भर्ना भएका सवै वालवालिकालाई दिवा खाजाको व्यवस्था गरिनेछ । जसले गर्दा विद्यालय वाहिरका वालवालिकालाई विद्यालयमा भर्ना गर्न प्रोत्साहन मिल्ने विस्वास लिएको छु ।
- विद्यालय तथा सरकारी कार्यालयहरुमा वायोमेट्रिक हाजीरी जडानलाई क्रमशः विस्तार गरिनेछ ।
- आवाशिय विद्यालयको व्यवस्थापन गर्दै अनिवार्य आधारभुत तथा निःशुल्क माध्यमिक तहको शिक्षा सम्म बालबालिकाको अधिकारलाई सुनिश्चित गर्न प्रयास गरिनेछ ।
- बेरोजगार युवाहरुलाइ व्यावसायिक तथा स्वरोजगारमुलक तालिम दिइनेछ । तालिमपश्चात् आयआर्जनका क्रियाकलापमा संलग्न गराई स्वरोजगार बन्न प्रोत्साहन गरिनेछ ।
- लक्षित समुहको शशक्तिकरणका लागि क्षमता तथा सीप विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।
- खेलकुद क्षेत्रको विकासका लागि गाउँपालिका स्तरिय र वडा स्तरिय खेलकुद विकास समिति गठन गरि विभिन्न खेलकुद कार्यक्रम संचालन गरिनेछ । खेल पर्यटनलाई जोड दिइनेछ ।
- सार्वजनिक, निजी, सहकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ संस्थाहरु सँगको सहकार्यमा बिद्युत, सडक तथा खानेपानी लगायत पुर्वाधार निर्माण साझेदारिमा कार्यक्रमहरु संचालन गरिनेछ ।
- कृषक समुह तथा कृषि सहकारी मार्फत् स्वरोजगारमुलक तालिम प्रदान गर्दै यूवाहरुलाई आय आर्जनका क्रियाकलापमा सहभागी बनाइनेछ ।

वारागुङ ... गाउँ कार्यपालिका ... गण्डकी प्रदेश, नेपाल

## आर्थिक विकास

- आन्तरिक पर्यटन तथा बाह्य पर्यटनलाई प्रोत्साहन गर्न पर्यटकीय स्थलहरुको संरक्षण तथा बिकास गरिनेछ ।
- बिभिन्न पर्यटकीय स्थलहरु सम्मको पहुँचलाई सहज गर्न बाटो तथा पर्यटकीय स्थलमा प्राप्त हुने सेवाको गुणस्तरीयताको लागि पहल गरिनेछ ।
- अन्नपूर्ण संरक्षण क्षेत्र लगायतका संस्थाहरु संगको सहकार्यमा पर्यटक सूचना केन्द्रको स्थापनाका लागि पर्याप्त रकम छुट्याएको छु ।
- कालिगण्डकीमा छुसाङ देखि कागबेनी हुँदै जोमसोम सम्म जलयात्रा गर्नको लागि DPR तयार गर्न आवश्यक रकमको ब्यबस्था गरेकोछु ।
- पर्यटकहरुलाई विश्वमा दुर्लभ मानिदै गएका जनावर संग जम्काभेट गर्ने गरी पर्यटकीय स्थलहरु बिकास गर्दै eco tourism लाई प्रोत्साहन गर्न पर्याप्त रकम बिनियोजन गरेको छु ।
- सम्भाव्य प्रतिस्पर्धात्मक लाभको क्षेत्रको रुपमा रहेको स्याउ,आलु तथा बेमौसमी तरकारी उत्पादन र बेचबिखनको ब्यबस्था मिलाउने ।
- यहाँको प्रमुख खाद्यान्नको रुपमा रहेको उवा, फापर, जौ जस्ता खाद्यान्नको उत्पादन तथा उपभोगको संस्कृति बिकास गर्न प्रोत्साहित गरिनेछ ।
- आर्गानिक तथा बेमौसमी तरकारी उत्पादनको लागि एक घर एक टनेल कार्यक्रम संचालनमा सहयोग गरिने छ ।
- कृषिमा आधुनिकीकरण,व्यवसायीकरण र यान्त्रिकरणको लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।
- ब्यबसायिक कृषिलाई उच्च प्राथमिकता दिई सिंचाईको उचित प्रवन्ध मिलाउंदै लैजाने नीति लिइनेछ ।
- स्थानीय प्रजातिका बिउ बिजनको उचित भण्डारण, संरक्षण, प्रवर्दन र उपयोगको ब्यबस्था मिलाइनेछ ।
- कृषिलाई पर्यटन संग आबद्द्ध गर्दै स्थानीय उत्पादनका खाद्यान्नको परिकार मार्फत पर्यटकलाई आकर्षित गर्न प्रोत्साहित गरीनेछ ।
- कृषिमा आधुनिकीकरण तथा ब्यवसायिकरण गर्दै यहाँको स्थानीय उत्पादनमा स्थानीय जनताको सहभागिता बढाउदै फलफूल तथा बेमौसमी तरकारी उत्पादनमा जोड दिईनेछ ।

लागत सहभागितामा गाउँपालिका स्तरिय चिस्यान केन्द्रको स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

- गाँउपालिकाको श्रोतको अनुमान ,प्राप्ति ,परिचालन र उपभोगमा नागरिक सहभागिताको प्रवर्धन गर्दै बजेटको प्रभावकारी, प्रतिफलयुक्त, र पारदर्शी रुपमा कार्यान्वयन गरिनेछ । योजना कार्यान्वयनमा चुस्तता कायम गर्न प्रविधीको अधिकतम प्रयोगमा जोड दिईनेछ ।
- प्रगतिशिल कर प्रणाली अवलम्बन गरिनेछ । कर अभिलेख प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउदै लगिनेछ ।
- घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक प्रोत्साहन गरिने र स्थानीय उत्पादनको उपभोग र प्रवर्द्धनमा जोड दिईनेछ । लघु उद्यम सम्बन्धी आवधिक योजना अनुरुप कार्यक्रम संचालन गरिनेछ।
- कृषि क्षेत्रको विकासका लागि वैज्ञानिक र व्यवसायिक खेति प्रणालि अवलम्बन गरिनेछ। माटो परिक्षणका आधारमा पकेट क्षेत्र तथा कृषि ब्लक निर्धारण गरि कृषिलाई विविधिकरण र व्यवसायिकरण गर्ने कार्यको शुभारम्भ भएको अवस्थामा यसलाई प्रभावकारी बनाउँदै लगिनेछ । स्याउ, आलु, खुर्पानी, तोरा, तितेफापर र जिम्वु जस्ता उत्पादनको बिशेष क्षेत्र तोकी कृषकलाई प्रोत्साहित गरिनेछ ।
- सहकारी, समुहहरु मार्फत सामुहिक खेती तथा पशुपालन प्रणालीलाई प्रोत्साहन गरिनेछ।
- श्रमको सम्मान गर्दै उचित ज्यालादर निर्धारण गरिनेछ।
- स्थानीय स्रोत साधनको उच्चतम उपयोग गर्दै स्वरोजगारमुलक सीप विकास सम्बन्धी तालिम संचालन गरि दिगो र भरपर्दो आय आर्जनको श्रोत सुनिश्चिततका लागि समुचित अनुदानको व्यवस्था गरिनेछ।
- अनुपस्थित भु-स्वामित्व तथा खेतियोग्य जमिनलाई बाँझो राख्ने प्रबृत्तिको अन्त्यका लागि पहल गरिनेछ। बैज्ञानिक भु उपयोग नीति बनाउन शुरुवात गरिनेछ।
- कृषि तथा वन नर्सरीको विस्तार गरि जडिबुटि खेतिलाई प्रोत्साहन गरिनेछ। वन संरक्षण तथा वन व्यवस्थापन संबन्धी कार्यक्रमहरु संचालन गरिनेछ।
- पर्यटन मार्फत आर्थिक विकासका लागि धार्मिक तथा पर्यटकिय क्षेत्रको पहिचान, संरक्षण र विकासमा जोड दिइनेछ। शालिग्राम शिला लगायतका धार्मिक क्षेत्रहरुलाई संरक्षण गरि धार्मिक तथा पर्यटकिय पहिचान स्थापित गर्दै नयाँ पर्यटकिय गन्तब्यको खोजीलाई पनि निरन्तरता दिन पर्यटन गुरुयोजना तयार गरिनेछ ।
- वजार व्यवस्थापन, घरेलु उद्योग तथा व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पुर्वाधार तयारीमा जोड दिइनेछ। गाउँपालिका भित्र हाट वजार व्यवस्थापन, कालोबजारी नियन्त्रण तथा अत्यावश्यक वस्तु तथा सेवाको उपलब्धताका लागि स्थानीय सरोकारवाला सर्वपक्षिय प्रतिनिधि सम्मिलित समिति गठन गरि अनुगमन र नियमन गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापनः**

हरियाली प्रबर्द्धन, प्राकृतिक स्वच्छता तथा सुन्दरता कायम गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । विकास निर्माण कार्य संचालन गर्दा दिगो विकास तथा हरित विकास नीति अवलम्वन गरिनेछ ।

- सार्वजनिक खाली स्थान तथा सडक किनाराहरुमा बृक्षारोपण, वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।
- नदी नियन्त्रणका लागि तटबन्ध निर्माण गरिनेछ ।
- जलवायु अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका स्तरिय विपद प्रतिकार्य योजना तयार गरि लागु गरिनेछ । विपद व्यवस्थापन कोषलाई कार्ययोजना बनाई पुर्वतयारीका, अनुकुलन तथा पुनर्स्थापनाका लागि न्युनतम आधार तयार गरिनेछ।
- विपद तथा प्रकोप प्रभावितहरुलाई तत्काल उद्दारका लागि QRT (Quick Response Tem) प्रत्येक वडामा गठन गरिनेछ ।
- चरिचरन व्यवस्थापन तथा प्रकोप नियन्त्रणका लागि वन संरक्षण सम्बन्धि कार्यक्रम बनाई लागु गरिनेछ ।
- पुर्ण सरसफाई युक्त गाउँपालिका घोषणाका लागि आवश्यक पुर्वाधारका कार्यक्रमहरु संचालनमा जोड दिईनेछ ।

**अन्त्यमा,**

परिवर्तित राज्य संरचनाको नौलो अभ्यासमा गहन जिम्मेवारी बोध गर्दै यस गरिमामय सभामा प्रस्तुत गरिएबमोजिमका अपेक्षित उपलब्धि हासिल गर्न सम्पुर्ण सदस्यज्युहरु, कर्मचारी, शिक्षक, राजनीतिक दल, सुरक्षाकर्मी, नागरिक समाज, सहयात्री सरकारी तथा गैरसरकारी संघ-संस्था, पत्रकार लगाएत आम वारागुङ मुक्तिक्षेत्रवासीको अमुल्य सहयोग तथा सहभागिताले मात्र संभव हुने कुरा अवगत नै छ । तसर्थ यस गाउँपालिका भित्र संचालन हुने हरेक क्रियाकलापहरुमा यहाँहरु सबैको सार्थक सहभागिता तथा कार्यान्वयनमा तत्परता ले नै अनुशासित, सुन्दर र समुन्नत वारागुङ मुक्तिक्षेत्र बनाउने अपेक्षा सहित यहाँहरु प्रति हार्दिक आभार प्रकट गर्दै विदा हुन्छु ।

नमस्कार

बारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको कार्यालय
कागबेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल